# अन्तरिम संविधान सम्बन्धी हाम्रा केही अवधारणा र असहमतिहरु

१. **नागरिकता**: नागरिकताको प्राप्ति र समाप्तिको बारेमा राजनीतिक सहमतिको आधारमा तय गरिनुपर्ने विषय देखिएकोछ ।

२. **राजाको स्थानको बारेमा**: राजाको सम्बन्धमा संविधान सभाको निर्वाचन हुँदाका बखत एकसाथ गरिने जनमत संग्रहबाट टुङ्गो लगाउने गरी व्यवस्था गरिएको छ । राजाको आयमा कर लगाउने व्यवस्था समेत गरिएको छ ।

३. **संवैधानिक पदाधिकारी र न्यायाधीशहरुको पुनर्नियुक्ति गर्ने संयन्त्रको सम्बन्धमा**: न्यायाधीशहरुको पुनर्नियुक्ति गर्ने संयन्त्र कस्तो हुनुपर्ने हो भन्ने सम्बन्धमा हामी सदस्यहरुको बीच छलफल हुँदा सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशहरुको साथै अन्य संवैधानिक अङ्गहरुका प्रमुख र सदस्यहरुको पुनर्नियुक्ति गर्ने वा नगर्ने बारेमा निर्णय गर्ने अधिकार संवैधानिक परिषद्लाई र पुनरावेदन अदालत एवं जिल्ला अदालतका न्यायाधीशहरुको पुनर्नियुक्ति को बारेमा निर्णय गर्ने अधिकार न्यायपरिषद्लाई दिनु पर्दछ भन्ने हामीहरुको धारणा रहेको छ । यसको विपरित अन्य सदस्य साथीहरुबाट पुनर्नियुक्तिको अनुमोदन गर्ने कार्य अन्तरिम व्यवस्थापिकाबाट तोके बमोजिम हुनुपर्ने तर्क प्रस्तुत गर्नुभएको छ । पुनर्नियुक्तिको अनुमोदन गर्ने निर्णय गर्ने अधिकार अन्तरिम व्यवस्थापिकालाई दिंदा स्वतन्त्र न्यायपालिकाको अवधारणाको प्रतिकूल हुने हुँदा जिल्ला न्यायाधीश र पुनरावेदन न्यायाधीशको पुनर्नियुक्ति गर्ने वा नगर्ने सम्बन्धमा न्यायपरिषद्लाई अधिकार दिनु पर्दछ र यसैगरी प्रधानन्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरुको पुनर्नियुक्ति गर्ने अधिकार संवैधानिक परिषद्लाई दिनु पर्दछ भन्ने हाम्रो धारणा रहेको छ । पूर्ण लोकतन्त्रको लागि स्वतन्त्र न्यायपालिका अनिवार्य छ । स्वतन्त्र न्यायपालिकाको अभावमा पूर्ण लोकतन्त्रको परिकल्पना पनि गर्न सकिन्न । तसर्थ यस पूर्व संविधानमा गरिएको न्यायपरिषद् सम्बन्धी संरचनालाई व्यवहारिक बनाउनको लागि ३ सदस्यीय न्यायपरिषद्को व्यवस्था गरी पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको नियुक्ति लगायतको व्यवस्था गरिएको छ । उक्त संरचना न्यायपालिकाको स्वतन्त्रताको लागि अनिवार्य भएकाले त्यसलाई पुनर्व्यवस्थितगर्दै परिवर्तित परिस्थितिमा यसको संरचनालाई चुस्त बनाउँदै नयाँ संविधान जारी भए पश्चात उनीहरुको पुनर्नियुक्तिको काम समेत न्यायपरिषद्बाटै हुन बाञ्छनीय भएकाले यो न्यायपरिषद् र न्यायाधीशको पुनर्नियुक्तिको सम्बन्धमा दुवै संरचना बनाउने केही सदस्यहरुको रायसंग सहमत हुन सकिन्न ।

४. **संवैधानिक परिषद्**: प्रधानन्यायाधीश र संवैधानिक अङ्गहरुका प्रमुख र सदस्यहरुको नियुक्तिको विभिन्न सिफारिश गर्न नेपाल अधिराज्यको संविधान, २०४७ मा झैं अन्तरिम संविधानमा पनि प्रधानमन्त्री, प्रधानन्यायाधीश र व्यवस्थापिकाका अध्यक्ष समेत रहेको ३ सदस्यीय संवैधानिक परिषद्को संरचना हुनुपर्ने भनी हामीले प्रस्ताव गरेकोमा समितिका केही सदस्यहरुद्वारा मन्त्रिपरिषद्बाट सिफारिश हुनुपर्ने भन्ने तर्क राख्नु भएकोले हाम्रो मतैक्य हुन सकेन । तसर्थ प्रधानन्यायाधीश सहित संवैधानिक पदाधिकारीको नियुक्ति गर्नको निमित्त संवैधानिक परिषद्को गठन गर्ने व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

५. **न्यायपरिषद्को बारेमा**: न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न ३ सदस्यीय न्यायपरिषद्को गठन गर्ने प्रस्ताव गरिएको छ । न्यायपालिकाको स्वतन्त्रताको अक्षुण्णताको निमित्त उपर्युक्त काम कारवाही

गर्ने र निर्णय गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिनु उपयुक्त हुदैन भन्ने हाम्रो अवधारणा रहेको छ । तर केही सदस्यहरुबाट न्यायपरिषद्लाई दिने भनिएको अधिकार पनि मन्त्रिपरिषद्लाई दिनुपर्ने भन्ने तर्क प्रस्तुत गरिएको हुँदा यस प्रश्नमा पनि मतैक्य हुन सकेन । न्यायपालिकाको स्वतन्त्रताको अवधारणा अनुरुप सर्वोच्च अदालतका न्यायाधीशहरुदेखि जिलला न्यायाधीशसम्मको नियुक्ति आदि काम कारवाहीको लागि न्याय परिषद्को व्यवस्था रहनु पर्दछ भन्ने हाम्रो अवधारणा रहेको छ ।

६. **अन्तरिम व्यवस्थापिकाको सम्बन्धमाः** अन्तरिम संसदको स्वरुप गठन विधि र संख्याको विषयमा समितिमा मतैक्य हुन सकेन । अन्तरिम संसद्को बारेमा राजनीतिक दलहरु र माओवादीका धारणाहरु फरक-फरक रहेकोले खाली छाडिएको छ । त्यसैले यो विषय राजनीतिक सहमतिबाट टुङ्गयाउनु पर्ने देखिन्छ ।

७. **संविधान सभाको निर्वाचन पद्धतिः** संविधान सभाको निर्वाचन पद्धतिको बारेमा बहुमतीय प्रत्यक्ष निर्वाचन प्रणाली, समानुपातिक निर्वाचन प्रणाली तथा मिश्रित निर्वाचन प्रणाली समेत ३ प्रकारका निर्वाचन प्रणालीको बारेमा सुझाव प्राप्त भएकोले यसमा मतैक्य हुन नसकेकोले संविधान सभाको निर्वाचन प्रणालीको बारेमा उल्लेख गर्न सकिएको नहुँदा यो विषय राजनीतिक सहमतिबाट समाधान गरिनुपर्ने हुन्छ ।

८. **सेनाको सम्बन्धमाः** अन्तरिम संविधानमा नेपाली सेनाको सम्बन्धमा संक्षिप्त व्यवस्था गर्ने गरी प्रस्ताव गरिएको छ । किनकि विस्तृत कुरा कानूनमा उल्लेख गरिने भएकोले संविधानमा उल्लेख गरिरहनु पर्ने स्थिति छैन । वस्तुतः प्रतिनिधि सभा घोषणा, २०६३ को अवधारणा अनुरुप नेपाली सेनाको व्यवस्था अन्तरिम संविधानम गरिएको हो । तर, समितिका केही सदस्यहरुबाट नेपाली सेनाको सम्बन्धमा अघि सार्नु भएको छुट्टै मस्यौदामा हाम्रो सहमति हुन सकेको छैन ।

९. **राज्यको पुनर्संरचना सम्बन्धमाः** मिति २०६३।३।२ मा सम्पन्न ८ बुँदे सहमतिमा "संविधान सभाको निर्वाचन मार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गिय लगायतका समस्या समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने" भनी अंगीकार गरिए बाट पनि संविधान निर्माण गर्ने सन्दर्भमा सो व्यवस्था गर्ने सहमति नै भएको नदेखिएबाट तत्काल राज्यलाई जातिय, क्षेत्रिय, संघीय आधारमा पुनर्संरचना गर्नु असान्दर्भिक र असम्भव भएको र उक्त सहमति अनुकूल समेत नरहेको हुँदा मस्यौदा निर्माणको क्रममा केही सदस्यहरुबाट व्यक्त उक्त विचारप्रति हाम्रो असहमति रहेको छ ।

१०. **स्थानीय स्वायत्त शासनः** स्थानीय निकायलाई स्वतन्त्र बनाउनु विकेन्द्रीकरण गर्ने, अधिकारको निक्षेपण गर्न जनतालाई अधिकाधिक शासन व्यवस्थामा सरिक गराउन, सन्तुलित ढङ्गले साधन र स्रोतको परिचालन गर्न र मुलुकको सन्तुलित विकास गर्न यस पटक संविधानमा स्थानीय स्वायत्त शासन सम्बन्धमा छुट्टै व्यवस्था गरिएको छ । यस सम्बन्धमा आत्म निर्णयको अधिकारसहितको जातिय प्रादेशिक गणतन्त्रात्मक व्यवस्था समेत उल्लेख गर्नुपर्छ भन्ने र सोही आशयको स्थानीय स्वायत्त शासन सम्बन्धमा छुट्टै ढङ्गले प्रस्तुत केही सदस्यहरुको विचार मिति २०६३।३।२ मा सम्पन्न सम्झौताको दफा ७ मा उल्लेखित राज्यको पुनर्संरचना संविधान सभाबाट बन्ने नयाँ संविधानमा मात्रै गरिने भनी उल्लेखित हुँदा यस संविधान मै आत्मनिर्णयको अधिकार सहितको स्थानीय निकायको परिकल्पना सम्म पनि गर्न नसकिने हुँदा उक्त विचारसंग सहमत हुन सकिने अवस्था नै रहेन ।

११. **संविधान सभा अदालतः** संविधान सभाको निर्वाचन सम्बन्धी विवाद र संविधान सभाको निर्वाचन सम्बन्धी कानूनको बैधताको परीक्षण गर्ने अधिकार क्षेत्र प्रदान गरी संविधान सभा अदालतको

गठन गर्ने प्रस्ताव गरिएको छ । संविधान सभा अदालतलाई सर्वोच्च अदालतकै स्तरमा राख्ने उद्देश्यबाट प्रस्तावित गरिएको हो । सर्वोच्च अदालत मातहतको अदालत वा कुनै विशेष अदालत गठन गरिएमा सो उपर सर्वोच्च अदालतमा उजुर वा पुनरावेदन गर्ने व्यवस्था गरिएमा मुद्दाको कारवाही लामो हुनजाने हुन्छ । त्यसैले संविधान सभा अदालतमा सर्वोच्च अदालतका न्यायाधीशहरु हुने व्यवस्था गरी मस्यौदामा उल्लेख गरिएकोमा समितिका अन्य सदस्यहरुबाट सर्वोच्च अदालत बाहिरका व्यक्तिहरुलाई न्यायाधीश बनाउने प्रस्ताव रहेकोमा हाम्रो सहमति रहेको छैन । साथै राजनीतिक सहमतिमा संविधान सभा सम्बन्धी केही निश्चित सिद्धान्तहरु बनाई त्यस्ता सिद्धान्तको कसीमा संविधान सभा अदालतको क्षेत्राधिकारभित्र ती सिद्धान्तहरुलाई समावेश गरी संविधान सभा अदालतबाट परीक्षण गरिनुपर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ । यस समितिबाट त्यस्ता सिद्धान्त बनाई जारी गर्न असम्भव भएबाट यो राय प्रस्तुत गरिएको छ ।

१२. **राष्ट्रिय गान इत्यादिः** २०४७ सालको संविधानको धारा ७ को उपधारा (२) मा "नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई, राष्ट्रिय पंक्षी डाँफे हुनेछ" भन्ने व्यवस्था अन्तरिम संविधानमा पनि यसलाई जस्ताको तस्तै राख्नुपर्ने दृष्टिकोण उपयुक्त हुन्छ ।

१३. **संविधान जारी गर्ने निकायः** अन्तरिम संविधान जारी गर्ने सम्बन्धमा जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधि सभा भएकोले सात राजनीतिक दल र माओवादीका बीच राजनीतिक सहमति समेतको आधारमा प्रतिनिधि सभाबाट घोषणा गरी संविधान जारी गर्ने गरी बैधानिकता प्रदान गरिनु पर्दछ ।

| ................ | ........................ | ...................... | ......................... |
|---|---|---|---|
| पुष्पा भुषाल | मीनबहादुर विश्वकर्मा | अग्नि खरेल | हरिहर दाहाल |
| ने.का. | ने.का.(प्र) | ने.क.पा. (एमाले) | ने.का. |

यस प्रतिवेदनको दफा १ र ९ संग मेरो सहमति नरही बाँकी दफाहरुसंग सहमत रहेको छ

..........................................

महादेव यादव (ने.का.प्रजातान्त्रिक)

यसमा उल्लेख भएको बुँदा नं. ९ र १२ मा बाहेक अरुमा मेरो सहमती छ

.............................................

छत्रकुमारी गुरुङ्ग (ने.क.पा. (एमाले))